च.नं.: एमबिबि/के.का./४२/०८१/०८२ मिति २०८१/०९/०१

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
भद्रकाली युएनआई शान्तिमार्ग,
सिंहदरवार प्लाजा, काठमाडौं ।

बिषयः- प्रस्तावित बोनस शेयर तथा नगद लाभांश सम्वन्धमा ।

यस बैंकको सञ्चालक समितिको मिति २०८१/०९/०१ (तदनुसार १६ डिसेम्बर २०२४) सोमबारका दिन बिहान ९:०० बजे देखि १०:०० बजेसम्म बसेको ६१० औं बैठकले आर्थिक बर्ष २०८०/०८१ सम्मको मुनाफा रकमबाट २०८१ असार मसान्तमा कायम रहेको चुक्ता पूंजी रु.४,१७,१३,१८,६००/- (चार अर्ब सत्र करोड तेह्र लाख अठार हजार छ सय) को ७.०० प्रतिशतले हुन आउने रु.२९,१९,९२,३०२/- (अक्षरेपी उनन्तीस करोड उन्नाईस लाख बयानब्बे हजार तिनशय दुई मात्र) को तपसिलमा उल्लेख गरिए बमोजिमको लाभांश बितरण गर्ने निर्णय भएको र सो लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भई संस्थाको २३ औं बार्षिक साधारण सभाबाट पारित भए पश्चात वितरण गरिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं।

तपसिल

(क) बोनस शेयरः- चुक्ता पूंजीको ३.०० प्रतिशतले हुन आउने रु.१२,५१,३९,५५८/- (अक्षरेपी बाह्र करोड एकाउन्न लाख उनन्चालिस हजार पांचसय अन्ठाउन्न मात्र) (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) ।

(ख) नगद लाभांशः- चुक्ता पुंजीको ४.०० प्रतिशतले हुन आउने रु.१६,६८,५२,७४४/- (अक्षरेपी सोह्र करोड अठसट्ठि लाख वाउन्न हजार सातशय चौवालिस मात्र)

वोधार्थः

(क) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
(ख) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
(ग) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
(घ) श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौं ।

(सोमराज पन्त)
कम्पनी सचिव